आज मिति २०८२ साल माघ १५ गते बिहिबारको दिन बिहान ११:०० बजे यस सिलीचोङ गाउँपालिकाको अध्यक्ष श्री भूपालराज राईज्यूको अध्यक्षता र देहाय बमोजिमको उपस्थितीमा बसेको सिलिचोङ गाउँपालिकाको आ.व. ०८२/८३ को एघारौं कार्यापालिका बैठकवाट देहाय बमोजिमको प्रस्तावहरु उपर छलफल गरी सर्वसहमतिले निर्णय पारित गरियो ।

उपस्थिती:

| क्र.स. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | भूपालराज राई | अध्यक्ष | |
| २ | देविता राई | उपाध्यक्ष | |
| ३ | गणेश राई | वडाध्यक्ष | |
| ४ | मोहन समसेर राई | वडाध्यक्ष | |
| ५ | प्रतापसिंह तामाङ | वडाध्यक्ष | |
| ६ | देवेन्द्र राई | वडाध्यक्ष | |
| ७ | ईश्वर राई | वडाध्यक्ष | |
| ८ | सन्तोष राई | कार्यपालिका सदस्य | |
| ९ | सागर राई | कार्यपालिका सदस्य | |
| १० | रेबिका रसाइली | कार्यपालिका सदस्य | |
| ११ | शारदा कुमारी राई | कार्यपालिका सदस्य | |
| १२ | लक्ष्मी वि.क. | कार्यपालिका सदस्य | लक्ष्मी |
| १३ | मनकुमारी राई | कार्यपालिका सदस्य | |
| १४ | प्रविण राई | प्रमुख प्रशासकिय अधिकृत | |
| आमन्त्रित | | | |
| १ | मधु बहादुर राई | प्रशासकीय अधिकृत | |

प्रस्तावहरु:

प्रस्ताव नं. १: समिक्षा सम्बन्धमा ।

प्रस्ताव नं. २: सडक बोर्ड नेपालसँग बार्षिक कार्यक्रम स्वीकृत गरी सहमतिको लागि योजना पेश सम्बन्धमा ।

प्रस्ताव नं. ३: राष्ट्रिय योजना आयोगमा सङ्घिय समपुरक तथा सङ्घिय विशेष अनुदान अन्तर्गत सञ्चालन गरिने आयोजना वा कार्यक्रमका लागि प्रस्ताव पेश सम्बन्धमा ।

२०८२/१०/१५

**प्रस्ताव नं. ४: शैक्षिक योजना निर्माणका लागि सल्लाहाकार समिति र योजना निर्माण कार्यदल गठन सम्बन्धमा ।**

**प्रस्ताव नं. ५:रजिष्ट्रेशन पास सम्बन्धमा।**

**प्रस्ताव नं. ६: राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सञ्चालन सम्बन्धमा ।**

**प्रस्ताव नं. ७:वेयुम्मा तेन्छोङ सडक निर्माण योजना कार्यान्वयन सम्बन्धमा ।**

**प्रस्ताव नं. ८: प्राविधिक धार अनुदान रकम कार्यान्वयन सम्बन्धमा ।**

निर्णयहरु:

**प्रस्ताव नं. १: समिक्षा सम्बन्धमा ।**

निर्णय: आर्थिक वर्ष २०८२/८३ को दशौं कार्यपालिका बैठकको निर्णय कार्यान्वयनका सम्बन्धमा समिक्षा गर्दा कार्यान्वयन पक्ष सन्तोषजनक रहेको निर्णय सर्वसहमतिले पारित गरियो।

**प्रस्ताव नं. २: सडक बोर्ड नेपालसँग बार्षिक कार्यक्रम स्वीकृत गरी सहमतिको लागि योजना पेश सम्बन्धमा ।**

निर्णय:प्रस्ताव नं. २ उपर छलफल गर्दा सडक वोर्ड नेपाल मिनभवन, काठमाडौंको च.न. ६७९ मिति २०८२/०९/२८ को आर्थिक वर्ष २०८२/८३को बजेट स्वीकृति सम्बन्धी पत्रानुसार तपशिलका सडक मर्मत संभार योजना छनोट गर्ने निर्णय सर्वसहमतिले पारित गरियो।

तपशिल:

१. जाल्पा आ.वि. छेउ सिलीचोङ गाउँपालिका वडा नं. १ बाट वडा नम्बर २ हुदैं गाउँपालिका जोड्ने सडक मर्मत तथा संभार योजना ।

साथै उक्त योजनाको लागि सडक बोर्ड नियमावली २०६० परिच्छेद (३) नियम (९) बमोजिम तथा सडक मर्मत संभार कार्यक्रम कार्यान्वयन मार्गदर्शन बमोजिम यस गाउँपालिकाको विनियोजन ऐन, २०८२ को क्र.स. २.१.१० सरकारी तथा गैर सरकारी संघ संस्थाहरु सँग साझेदारी कोष बाट व्यहोर्ने गरी आर्थिक वर्ष २०८२/०८३ को बार्षिक कार्यक्रम स्वीकृत गरी सहमतिको लागि सडक वोर्ड नेपालमा पेश गर्ने निर्णय सर्वसहमतिले पारित गरियो ।

**प्रस्ताव नं. ३: राष्ट्रिय योजना आयोगमा सङ्घिय समपुरक तथा सङ्घिय विशेष अनुदान अन्तर्गत सञ्चालन गरिने आयोजना वा कार्यक्रमका लागि प्रस्ताव पेश सम्बन्धमा ।**

निर्णय: प्रस्ताव नं. ३ उपर छलफल गर्दा राष्ट्रिय योजना आयोग सिंहदरवार काठमाडौं ले मिति २०८२/०८/२६ गोरखापत्र राष्ट्रिय दैनिकमा प्रदेश तथा स्थानीय तहमा आ.व. २०८३/८४ का लागि राष्ट्रिय योजना आयोगमा सङ्घिय समपुरक तथा सङ्घिय विशेष अनुदान अन्तर्गत सञ्चालन गरिने आयोजना वा कार्यक्रमका लागि प्रस्ताव आह्वन सम्बन्धी प्रकाशित सूचना अनुसार यस सिलीचोङ गाउँपालिकाले

२०८२/१०/१६

आ.व. २०८३/८४ का लागि राष्ट्रिय योजना आयोगमा सङ्घिय समपुरक अनुदानका र सङ्घिय विशेष अनुदान लागि तपशिलका आयोजना वा कार्यक्रम माग गर्ने निर्णय सर्वसहमतिले पारित गरियो।

तपशिलः

क. <u>सङ्घिय समपुरक अनुदानका अन्तर्गत माग गरिने आयोजना वा कार्यक्रमः</u>

१. राष्ट्रिय योजना आयोग र सिलीचोङ गाउँपालिकाको समेत समपुरक अनुदान कार्यविधि वमोजिम लागत साझेदारीमा आ.व. २०८२/८३ देखि आ.व. २०८४/८५ सम्म सञ्चालित ३ बर्षिय ताम्कु प्राथामिक अस्पताल ५ शैया भवन निर्माण योजना लाई निरन्तरता दिने। (क्रमागत योजना)

२. तिवा खोला मोटरेवल पुल निर्माण योजना वडा नम्वर १( नयाँ योजना) ।

३. तिनवुङ्गे सिचाँई निर्माण योजना वडा नम्वर ३ ( नयाँ योजना )।

ख. <u>सङ्घिय बिशेष अनुदानका अन्तर्गत माग गरिने आयोजना वा कार्यक्रमः</u>

१. राष्ट्रिय योजना आयोग द्धारा बिशेष अनुदान कार्यविधि बमोजिम आ.व. २०८२/८३ देखि आ.व. २०८४/८५ सम्म सञ्चालित ३ बर्षिय बुधबारे कृषि बजार व्यवस्थापन योजना लाई निरन्तरता दिने । (क्रमागत योजना)

२. शैक्षिक उन्नयन तथा शैक्षिक गुणस्तर अभिवृद्धि गर्न श्री माहेश्वरी मा.वि. घेराबारा निर्माण योजना ( नयाँ योजना )

३. फोहोरमैला व्यवस्थापनका लागि डम्पिङ साईट निर्माण योजना वडा नम्बर ३ ( नयाँ योजना )

**प्रस्ताव नं. ४: शैक्षिक योजना निर्माणका लागि सल्लाहाकार समिति अनुगमन/मुल्याङ्कन समिति र योजना निर्माण कार्यदल गठन सम्बन्धमा ।**

निर्णयः प्रस्ताव नं. ४ उपर छलफल गर्दा सिलीचोङ गाउँ तहको शैक्षिक निर्माण गर्नका लागि स्थानीय तहको शैक्षिक योजना निर्माण सम्बन्धी मार्गदर्शन,२०७९(. परिमार्जित संस्करण, २०८१ ) बमोजिम तपशिल बमोजिमको सल्लाहकार समिति,अनुगमन/मूल्याङ्कन समिति र योजना निर्माण कार्यदल गठन गर्ने निर्णय सर्वसहमतिले पारित गरियो ।

<u>तपशिलः</u>

क. सल्लाहाकार समितिः

१. संयोजक/अध्यक्ष– श्री भूपाल राज मेवाहाङ

२. सदस्य-श्री देविता कुलुङ

३. सदस्य- श्री राम वहादुर कुलुङ

४. सदस्य- श्री गणेश कुलुङ

२०८२।१०।१६

५. सदस्य- श्री     न शमशेर कुलुङ

६. सदस्य- श्री प्रत.प सिंह तामाङ

७. सदस्य-श्री देबेन्द्र राई

८. सदस्य-श्री ईश्वर राई

९. सदस्य सचिव- श्री प्रविण राई

ख. योजना अनुगमन/मुल्याङ्कन समितिः

१. अध्यक्ष- गाउँपालिका अध्यक्ष

२. सदस्य- गाउँपालिका उपाध्यक्ष

३. सदस्य- सम्बन्धीत विषय विज्ञ एक जना

४. सदस्य- सामाजिक विकास समितिका संयोजक

५. सदस्य सचिव- प्रमुख प्रशासकिय अधिकृत

ग. योजना निर्माण कार्यदलः

१. संयोजक/अध्यक्ष- श्री रमेश कार्की

२. सदस्य –श्री दुर्गा किरण राई( विद्यालय व्यवस्थापन समितिका अध्यक्ष)

३. सदस्य- श्री राजु विष्ट

४. सदस्य –श्री गणेश राई ( प्रधानाध्यापक)

५. सदस्य –श्री ईन्द्र बहादुर राई (प्रधानाध्यापक)

६. सदस्य –श्री टेकनाथ चापागाई (प्रधानाध्यापक)

७. सदस्य –श्री टेक सिंह राई (प्रधानाध्यापक)

८. सदस्य –श्री सुरेन्द्र सिंह ठगुन्ना( शिक्षक)

९. सदस्य सचिव –श्री वुद्धि कुलुङ

**प्रस्ताव नं. ५: रजिष्ट्रेशन पास सम्वन्धमा।**

निर्णयः प्रस्ताव नम्वर ५ उपर छलफल गर्दा सिलीचोङ गाउँपालिका वडा नम्बर ४ स्थायी ठेगाना भएका मन कुमार राईले २०५० सालको नापी हुँदाको बखत आफ्नो स्वामित्वमा रहेको तपशिलका कित्ता नम्वर र क्षेत्रफल भएको जग्गा सिलीचोङ गाउँपालिकाको भू-उपयोग वर्गिकरण सम्बन्धी मापदण्ड र आधारहरु २०८० बमोजिम कृषि क्षेत्र अन्तर्गत वर्गिकरण भएको जग्गालाई आवासीय जग्गामा संशोधन गरी कित्ताकाट गरी श्री देउराली मध्यवर्ती सामुदायिक वन उपभोक्ता समुहलाई रजिष्ट्रेशन पास गरिदिनुहुन भनी ४ नम्बर वडा कार्यालयको सिफारिस सहित निवेदन पेश गरेको

२०८२।१०।१६

सम्बन्धमा नियमानुसार संशोधन गरी श्री नापी कार्यालय संखुवासभा, खाँदवारीमा सिफारिस गरिदिने निर्णय सर्वसहमतिले पारित गरियो।

तपशिल:

| क्र.स. | जग्गा धनीको नामथर | ठेगाना | कित्ता नं. | क्षेत्रफल | श्री देउराली मध्यवर्ती सामुदायिक वन उपभोक्ता समुहलाई दिनुपर्ने क्षेत्रफल |
|---|---|---|---|---|---|
| १ | मन कुमार राई | सिलीचोङ- ४ | ६६ | ११४१० व. मि. । | ५२० व.मि. । |

**प्रस्ताव नं. ६: राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सञ्चालन सम्बन्धमा ।**

निर्णयः प्रस्ताव नं. ६ उपर छलफल गर्दा आ.व.२०८२/८२ को राष्ट्रपति सञ्चालन सम्बन्धमा शिक्षा युवा तथा खेलकुद शाखालाई माघ मसान्त भित्र सम्पन्न गर्ने गरी अनुमति दिने निर्णय सर्वसहमतिले पारित गरियो ।

**प्रस्ताव नं. ७:वेयुम्मा तेन्छोङ सडक निर्माण योजना कार्यान्वयन सम्बन्धमा ।**

निर्णयः प्रस्ताव नं. ७ उपर छलफल गर्दा १ नम्बर वडा अन्तर्गत सञ्चालित वेयुम्मा तेन्छोङ सडक निर्माण योजना कार्यान्वयन सम्बन्धमा उक्त योजना कार्यन्वयन प्रक्रिया अघि बढाउने एक नम्बर वडा कार्यालयको वडा समिति को निर्णय तथा आम भेलाको निर्णय सहित १ नम्बर वडा कार्यालयको च.न. २८८ मिति २०८२/१०/१२ को पत्र मार्फत सिफारिस प्राप्त भएको हुँदा सो सम्बन्धमा उक्त योजना प्रचलित खरिद ऐन बमोजिक खरिद प्रक्रिया अघि बढाउने निर्णय सर्वसहमतिले पारित गरियो ।

**प्रस्ताव नं. ८: प्राविधिक धार अनुदान रकम कार्यान्वयन सम्बन्धमा ।**

निर्णयः प्रस्ताव नं. ६ उपर छलफल गर्दा श्री सगरमाथा मा.वि. को च.न. मिति २०८२/०९/२३ गतेको प्राप्त प्रतिवेदन तथा विद्यालय व्यवस्थापन समितिको निर्णय सहितको पत्रानुसार उक्त विद्यालयको विज्ञान प्रयोगशाला सामग्री खरिद तथा व्यवस्थापन अनुदान कार्यक्रमलाई अगाडि बढाउनका लागि माग भएको सम्बन्धमा आ.व.२०७५/७६ को लेखापरीक्षण प्रतिवेदन दफा नं.६५ मा विद्यालयमा कार्यक्रम वापत दिएका अनुदान गाउँपालिका कार्यालयले कार्यक्रम पुस्तिकामा उल्लेख गरेको व्यवस्था बमोजिम अनुगमन गरी कार्यक्रम कार्यान्वयन गराउने तर्फ ध्यान दिनुपर्ने बिषय उल्लेख भएकोले प्रचलित खरिद ऐन तथा नियमावली वमोजिम कार्यान्वयन गर्दा विद्यालयको खातामा प्राविधिक धार अनुदान वापत निकासा भएको रु. २७,९२,०००/ रकम बाट कार्यक्रम कार्यान्वय पुस्तिका/कार्यविधि तथा सार्वजनिक खरिद ऐन,२०६३ तथा नियमावली, २०६४ अनुसार उक्त रकम कार्यान्वयन गर्दा समग्र सिलीचोङ गाउँपालिकाको शैक्षिक उन्नयनमा योगदान हुने देखिएकोले श्री सगरमाथा मा. वि. ताम्कुलाई

२०८२/१०/१६

अन्तिम जवाफदेही र जिम्मेवार हुने गरी उक्त अनुदान कार्यक्रम कार्यान्वय पुस्तिका/कार्यविधि तथा सार्वजनिक खरिद ऐन,२०६३ तथा नियमावली, २०६४ अनुसार कार्यान्वयन गर्न विद्यालयलाई अनुमति दिने निर्णय सर्वसहमतिले पारित गरियो ।